बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

## पार्किङ्ग तथा प्रवेश शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।३।२५)

बनेपा नगरपालिका वडा नं. ५, चण्डेश्वरी परिसरमा स्थित चण्डेश्वरी उद्यान र पिकनिक स्पट प्रवेश शुल्क तथा सोही क्षेत्रमा रहेको बसपार्कमा पार्किङ्ग हुने सवारी साधनहरुबाट पार्किङ्ग शुल्क असुली कार्य ठेक्का प्रक्रियाद्वारा गर्नुपर्ने भएकोले योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्तहरुका अधिनमा रही शिलबन्दी बोलपत्र दर्तागर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**-:शर्तहरुः-**

१. बोलपत्र फारम बनेपा नगरपालिकाको राजस्व शाखाबाट रु. १,०००। (पछि फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले पन्ध्रौं दिन कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र सोह्रौं दिन दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ । साथै दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:१५ बजे यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्थाका हकमा संस्था दर्ता तथा नविकरणको प्रमाण पत्र, स्थायीलेखा नम्बर प्रमाण पत्र र २०७५।०७६ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ ।

५. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

६. बोलपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

७. बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकमले हुन आउने रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको धरौटी हिसाब नं. ०१५०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा संलग्न गरेको हुनुपर्ने छ ।

८ स्वीकृत बोलपत्रदाता ठेकेदारले कुल कबोल अंक संझौता गर्नुपूर्व जम्मा गरेमा पाँच प्रतिशतले हुन आउने रकम छुट दिइने छ । तर त्यसरी अग्रिम जम्मा नगरेमा आफुले कबोल गरेको कुल वार्षिक रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता बुझाउँदा पहिलो किस्ता संझौता गर्नुपूर्व बुझाएको हुनुपर्ने छ ।

९. शर्त नं ८ बमोजिम वार्षिक कबोल अंक अग्रिम दाखिला नगरेमा स्वीकृत बोलपत्रदाताले आफुले कबोल गरेको कुल वार्षिक रकमको सतसठ्ठी प्रतिशतले हुन आउने रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट मिति २०७८ साल साउन १५ गते सम्मका लागि यस कार्यालयका पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (बैंक ग्यारेण्टी) पेश भएपछि मात्र संझौता हुनेछ ।

१०. स्वीकृत बोलपत्रदाता लाई संझौताका लागि दिएको म्याद भित्र उपस्थित भई संझौता नगरेमा राखिएको धरौटी जफत हुनेछ ।

११. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी संझौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

१२. संझौता जुनसुकै मितिमा भएता पनि स्वीकृत बोलपत्रदाताले कवोल गरेको कुल वार्षिक रकम नै बुझाउनु पर्नेछ ।

१३. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाता ठेकेदारले बुझाउनु पर्नेछ ।

१४. सरकारी कार्यालय, दातृ निकाय तथा कुटनैतिक नियोगका सवारी साधन, एम्बुलेन्स र शबबाहनहरुमा पार्किङ्ग शुल्क असुल गर्न पाइने छैन। साथै शुल्क असुल गर्ने प्रयोजनका लागि ढाट, तगारो वा डोरी जस्ता अवरोध प्रयोग गर्न पाइने छैन। साथै नगरपालिकाको कार्यक्रम भई पूर्व सूचना भएमा उद्यान प्रवेश शुल्क लिन पाइने छैन।

१५. स्वीकृत दररेट भन्दा बढी शुल्क लगाई असुल गर्न पाइने छैन। साथै बसपार्कमा पार्क भए बाहेकका सवारी साधनमा पार्किङ्ग शुल्क लिन पाइने छैन।

१६. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन।

१७. तोकिए बमोजिमको शुल्क उठाउने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ। त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन।

१८. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाता ठेकेदारको दायित्व हुनेछ।

१९. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय मान्य हुनेछ।

२०. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

## ठेक्का सम्बन्धी विवरण

<table>
<tr><th>क्र.सं.</th><th>ठेक्का नं.</th><th>ठेक्काको विषय क्षेत्र</th><th>वार्षिक न्युनतम कबोल अंक रु.</th><th>पटके सवारी पार्किङ्ग शुल्क दर</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td rowspan="2">रा३ २०७७।०७८</td><td>बनेपा नगरपालिका वडा नं. ५ चण्डेश्वरी स्थित बसपार्कमा पार्किङ्ग शुल्क असुली</td><td rowspan="2">८,००,०००। (आठ लाख)</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>पार्किङ समय</th><th>सवारीको किसिम</th><th>लाग्ने शुल्क</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">दिवा पार्किङ</td><td>भारी सवारी</td><td>रु. २०।</td></tr>
<tr><td>हलुका सवारी</td><td>रु. १५।</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">रात्री पार्किङ</td><td>भारी सवारी</td><td>रु. ३०।</td></tr>
<tr><td>हलुका सवारी</td><td>रु. २५।</td></tr>
</table>
</td><td rowspan="2">मूअक बाहेक</td></tr>
<tr><td>२</td><td>बनेपा नगरपालिका वडा नं. ५ चण्डेश्वरी मन्दिर परिसर स्थित उद्यान तथा पिकनिक स्पटमा प्रवेश शूल्क</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>पटके प्रयोग शुल्क</th></tr>
<tr><td>१</td><td>स्टल नं. १(नेपाल प्रहरी बसेमाथिको कोठा)</td><td>२,५००।</td></tr>
<tr><td>२</td><td>स्टल नं. २(शौचालय माथिको कोठा)</td><td>१,५००।</td></tr>
<tr><td>३</td><td>स्टल नं. ३(मन्दिर पछाडिको लामो भवन)</td><td>३,०००।</td></tr>
<tr><td>४</td><td>स्टल नं. १ (बगैचामा पस्नासाथ वायाँतर्फ)</td><td>२,५००।</td></tr>
<tr><td>५</td><td>स्टल नं. २ (पोखरी माथिको स्टल)</td><td>१,५००।</td></tr>
<tr><td>६</td><td>स्टल नं. ३ (चारपाटे स्टल र भान्सा)</td><td>२,५००।</td></tr>
<tr><td>७</td><td>स्टल नं. ४ (पश्चिमतर्फ पर्खालसंगैको गोलो स्टल)</td><td>२,०००।</td></tr>
<tr><td>८</td><td>पिकनिक स्पट</td><td>२,५००।</td></tr>
</table>
</td></tr>
</table>